# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

# समावेशी विकासका लागि समावेशी वित्तीय सेवा, सरोकारवाला सबैको समन्वय र सहकार्य आवश्यक

(४९ औं सिसन गभर्नर्स सम्मेलन काठमाडौंमा सुरु)

दक्षिण पूर्वी एसियाली केन्द्रीय बैंकहरूको संगठन : सिसन (South East Asian Central Banks : SEACEN) को ४९ औं गभर्नर्स सम्मेलन तथा ३३ औं गभर्नर बैठक आज २०७० मंसिर ६ गते काठमाडौंमा सुरु भयो । सम्मेलनको उद्घाटन प्रमुख अतिथि सम्माननीय राष्ट्रिपति डा. रामवरण यादवले गर्नुभयो ।




उदघाटन मन्तव्यको क्रममा सम्माननीय राष्ट्रपति डा. यादवले वित्तीय सेवाको गुणस्तरले आर्थिक विकासको गुणस्तर निर्धारण गर्ने हुँदा समावेशी आर्थिक विकासका लागि विश्वसनीय वित्तीय क्षेत्र विकास नीति तर्जुमा गर्नुपर्ने तथा आर्थिक विकासको लाभ गरिब र विपन्न वर्गसम्म पुग्नुपर्नेमा जोड दिनुभयो । समावेशी वित्तीय सेवाले जनताको जीवनस्तर उकास्न सहयोग पुग्ने धारणा राख्दै उहाँले यसलाई अघि बढाउन सरकार, वित्तीय क्षेत्र तथा सहकारी क्षेत्रले समन्वय तथा सहकार्य गर्नु आवश्यक रहेको स्पष्ट पार्नुभयो । न्यून आय वर्गलाई देशको आर्थिक विकास प्रक्रियामा सहभागी हुन उत्प्रेरित गर्नुपर्ने र तिनको सशक्तीकरणका साथै लैंगिक समानता सुनिश्चित गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । यसका लागि सिसनको यस सम्मेलनले समावेशी आर्थिक विकास प्रक्रियालाई दिशाबोध गर्ने र गरिबी न्यूनीकरण तथा दिगो विकास प्रवर्द्धनमा योगदान दिने विश्वास व्यक्त गर्नुभयो ।

समारोहमा मन्तव्य व्यक्त गर्दै माननीय अर्थमन्त्री शंकरप्रसाद कोइरालाले युरोपीय सार्वजनिक ऋण संकट र अमेरिक वित्तीय संकटबाट विश्व अर्थतन्त्रलाई सचेत बनाएको धारणा राख्दै विश्व अर्थतन्त्रको एकीकरण तथा क्षेत्रीय आबद्धता बढ्दै गएको सन्दर्भमा केन्द्रीय बैंकको क्षेत्रीय साझा चुनौती सामना गर्न सहकार्य गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो । नेपालमा वित्तीय पहुँच अभिवृद्धिको आवश्यकतामाथि प्रकाश पार्दै माननीय मन्त्री कोइरालाले समावेशी वित्तीय प्रणालीमार्फत दिगो आर्थिक विकास हासिल गर्ने प्रयासमा नेपाल सरकार प्रद्धिबद्ध रहेको स्पष्ट पार्नुभयो । यसका लागि समन्वयात्मक रुपमा वित्त, मौद्रिक, तथा वित्तीय क्षेत्र नीतिहरू लागु गर्ने जानकारी दिँदै सोका लागि वित्तीय क्षेत्रका मुख्य नियामक निकायको संलग्नतामा वित्तीय क्षेत्र विकास रणनीति तयार भइरहेको जानकारी दिनुभयो ।

स्वागत मन्तव्यको क्रममा गभर्नर डा. युवराज खतिवडाले नेपालमा २६ वर्षपछि पुनः सिसन गभर्नर्स सम्मेलन आयोजना गर्ने अवसर मिलेकोमा प्रशन्नता व्यक्त गर्दै सिसनको ३० बर्षे यात्रामा यस संस्थाले अनुसन्धान र केन्द्रीय बैंकहरूको जनशक्ति

विकासका क्षेत्रमा पुऱ्याएको उच्च योगदान स्मरण गर्नुभयो । उहाँले विश्व अर्थतन्त्रमा बेलाबेलामा देखापर्ने आर्थिक तथा वित्तीय संकटहरूको असर न्यूनीकरण गर्न सिसन जस्तो मञ्च प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो । बदलिँदो विश्व अर्थतन्त्रका सन्दर्भमा केन्द्रीय बैंकको भूमिका मौद्रिक नीति सञ्चालनका अतिरिक्त वित्तीय क्षेत्र स्थायित्व र मुलुकको आर्थिक विकासमा योगदान पुऱ्याउनेतर्फ केन्द्रित हुन पुगेको धारणा राख्दै गभर्नर डा. खतिवडाले विश्व वित्तीय आबद्धता, विद्युतीय प्रविधिको तीव्र विकास, नयाँ वित्तीय उपकरणहरूको आगमनका कारण केन्द्रीय बैंकको उद्देश्य हासिल गर्ने काम चुनौतीपूर्ण हुँदै गएको सन्दर्भबारे प्रकाश पार्नुभयो । आर्थिक उदारीकरण र पुँजीको तीव्र आप्रवाहबाट उत्पन्न अस्थिरताले वित्तीय क्षेत्रमा जोखिम बढ्दै गएको सन्दर्भ उठाउँदै उहाँले अनौपचारिक वित्तीय बजार र छायाँ बैंकिङको बढ्दो अवस्थाले मौद्रिक नीतिको कार्यान्वयन थप चुनौतीपूर्ण हुँदै गएको उहाँको भनाइ थियो । यसका अतिरिक्त वित्तीय क्षेत्रलाई स्थिर, समावेशी तथा आर्थिक वृद्धि मैत्री बनाउन अस्थिर विनिमयदरका साथै आन्तरिक अर्थतन्त्रको अनिश्चितता थप चुनौतीका रूपमा देखा परेको उहाँको धारणा थियो । वास्तविक क्षेत्रको विकास विना वित्तीय स्थायित्व हासिल हुन नसक्ने कुरा अनुभवसिद्ध भइसकेको भन्नुहुँदै उहाँले आर्थिक विकास र वित्तीय क्षेत्र विकास रणनीति पृथक हुन नसक्ने आसय व्यक्त गर्नुभयो । उपर्युक्त विषयमा यस सम्मेलनमा विस्तृत छलफल हुने हुँदा वित्तीय क्षेत्र विकास नीति निर्माणमा महत्वपूर्ण सहयोग पुग्ने आशा उहाँले व्यक्त गर्नुभयो ।

सिसनका अध्यक्ष बैंक अफ मंगोलियाका गभर्नर Mr. Naidansuren Zoljargal ले वित्तीय समावेशिताका बारेमा प्रकाश पार्दै सबैका लागि वित्तीय सेवा अभिवृद्धिका साथै सोमार्फत असमानता न्यूनीकरण समेत हुनुपर्ने धारणा राख्नुभयो । वित्तीय समावेशिता अभिवृद्धिको कार्यमा केन्द्रीय बैंकले पहल गर्नुपर्ने धारणा राख्दै वित्तीय सेवाको आपूर्ति पक्षका साथै माग पक्षलाई समेत बढाउनुपर्ने उहाँको भनाइ थियो ।




अन्तराष्ट्रिय मुद्रा कोषका डेपुटी मेनेजिङ डाइरेक्टर तथा Key Note Speaker Mr. Naoyuki Shinohara ले वित्तीय प्रणालीको समावेशी विकासले नै आर्थिक वृद्धिमा महत्वपूर्ण सहयोग पुग्ने धारणा राख्दै यसबाट सामाजिक आर्थिक असमानता समेत सम्बोधन हुने उल्लेख गर्नुभयो । विगत एक दशकमा एसियाली आर्थिक परिदृश्यमा महत्वपूर्ण विकास भएको चर्चा गर्दै उहाँले वित्तीय प्रगाढता र स्थायित्व अभिवृद्धिका साथै क्षेत्रीय सहयोग अभिवृद्धिमा मुद्रा कोषले ध्यान दिइरहेको स्पष्ट पार्नुभयो ।

समारोहमा धन्यवाद मन्तव्यको क्रममा डेपुटी गभर्नर गोपालप्रसाद काफ्लेले सम्मेलनका क्रममा व्यक्त हुने विचार र अनुभवको आदानप्रदानबाट वित्तीय क्षेत्र स्थायित्व रणनीति तर्जुमा गर्न सहयोग पुग्ने र सम्बन्धित क्षेत्र लाभान्वित हुने विश्वास व्यक्त गर्दै सम्मेलनमा सहभागी सबै पक्षप्रति आभार व्यक्त गर्नुभयो ।

मंसिर ६ देखि तीन दिनसम्म चल्ने यस सम्मेलनमा समावेशी आर्थिक वृद्धिका लागि वित्तीय क्षेत्र विकास (Financial Sector Development Strategy for Inclusive Growth) विषयमा केन्द्रित रही कार्यपत्र प्रस्तुति तथा छलफल गर्ने कार्यक्रम रहेको छ । सम्मेलनमा सिसन सदस्य केन्द्रीय बैंकका गभर्नर, डेपुटी गभर्नर, अन्तराष्ट्रिय मुद्रा कोष, विश्व बैंक, बैंक फर इन्टरनेसनल सेटलमेन्ट, एसियाली विकास बैंक, बैंक अफ इङ्लैन्ड, बैंक अफ जापान लगायत महत्वपूर्ण अन्तराष्ट्रिय वित्तीय संस्थाका प्रतिनिधिहरू Key Note Speaker तथा सहभागीका रूपमा रहेका छन् ।

सिसनमा नेपाल, भारत, चीन लगायत दक्षिण पूर्वी एसियाली १९ राष्ट्रका केन्द्रीय बैंक सदस्य रहेका छन् ।

गभर्नरको कार्यालय
२०७० मंसिर ६ गते, बिहिबार